# सार्वजनिक लगानी व्यवस्थापन कार्ययोजना

## (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

२०८१ बैशाख

# सार्वजनिक लगानी व्यवस्थापन कार्ययोजना

## (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

## (Public Investment Management Action-Plan / PIMA)

(राष्ट्रिय योजना आयोगको मिति २०८१ बैशाख ११ गतेको बैठकबाट स्वीकृत)

## (क) पृष्ठभूमिः

आर्थिक वृद्धि एवम् आर्थिक स्थायित्व कायम गरी अर्थतन्त्रको समग्र पक्षको विकास र आर्थिक तथा मानवीय समृद्धि हासिल गर्ने आधारका रूपमा सार्वजनिक लगानीको महत्त्वपूर्ण भूमिका हुन्छ । सार्वजनिक लगानीलाई नतिजामुखी बनाउन वित्तीय अनुशासन कायम गर्दै विनियोजन कुशलता र खर्च दक्षता अभिवृद्धि गर्नुपर्छ । यसका लागि तथ्यमा आधारित योजना प्रणाली; आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको तादात्म्यता, खर्च प्रकृतिका आधारमा जनशक्ति तथा आर्थिक-प्राविधिक स्रोत व्यवस्थापन गरी लक्ष्य अनुरूपको खर्च तथा उपलब्धि हासिल हुने सुनिश्चित गर्नु पर्दछ । सार्वजनिक लगानी व्यवस्थापनसँग सम्बन्धित संस्थागत तथा कानूनी व्यवस्था र प्रणालीको विकासले लगानी परिचालन र व्यवस्थापनलाई व्यवस्थित गर्न सहयोग पुग्छ ।

नेपालको सन्दर्भमा सार्वजनिक लगानीको प्रभावकारीता अभिवृद्धि गर्न महत्त्वपूर्ण कार्यहरू भएका छन् । विशेषगरी सार्वजनिक खरिद ऐन, २०६३ तथा तत् सम्बन्धित नियमावली, २०६४ कार्यान्वयनमा ल्याउनुलाई यस क्षेत्रमा भएको महत्त्वपूर्ण उपलब्धीको रुपमा लिन सकिन्छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले बजेट तथा कार्यक्रम तर्जुमा देखि खर्च र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्न सघाएको छ । नेपालको संविधानद्वारा नै तीन तहका सरकारको अधिकार र कर्तव्य तथा आर्थिक कार्यप्रणाली निर्धारण गरिएको सन्दर्भमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले तहगत सरकारको बार्षिक बजेट प्रणालीको अलावा अन्तरसरकारी वित्तीय हस्तान्तरण र सोबाट सम्पादन गर्नुपर्ने कार्यहरूलाई थप स्पष्ट गरेको छ । अर्थ मन्त्रालयले कार्यान्वयनमा ल्याएको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), राष्ट्रिय योजना आयोगको समन्वयमा कार्यान्वयन हुँदै आएको मध्यमकालीन खर्च संरचना (MTEF) तथा राष्ट्रिय परियोजना बैङ्क प्रणाली, सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरी सबै सार्वजनिक निकायको पहुँचमा पुऱ्याएको विद्युतीय सरकारी खरिद (e-GP) प्रणालीले पनि आयोजनाको छनौट, बजेट विनियोजन तथा खरिद प्रणालीलाई व्यवस्थित गर्न विशेष योगदान पुऱ्याएका छन् । नेपाल सरकारद्वारा जारी भएका *आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०* र *आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी मापदण्ड, २०८०* पनि सार्वजनिक लगानी प्रभावकारी बनाउने दिशामा महत्त्वपूर्ण नीतिगत व्यवस्थाको रुपमा रहेका छन्, यद्यपी यिनको कार्यान्वयनमा अनुपालना र प्राप्त हुने नतिजाको मूल्याङ्कन गर्न बाँकी नै छ ।

सार्वजनिक खरिद प्रक्रियालाई सहजीकरण गर्नुका साथै तत् सम्बन्धी कार्यको अनुगमन गर्न सार्वजनिक खरिद अनुगमन कार्यालय स्थापना भई क्रियाशील रहेको छ । सार्वजनिक लगानी गर्ने क्रममा हुनसक्ने जोखिम पहिचान गरी रोक्न निर्देशन दिने, साथै सो क्रममा कुनै अनियमितता भएको पाइएमा त्यसलाई औँल्याउने निकायको रुपमा महालेखा परीक्षकको कार्यालय र अनुसन्धान एवम् संदिग्ध दोषी उपर कारवाही प्रक्रिया अगाडि बढाउने भूमिकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहेका छन् । तर पनि उपलब्ध सीमित स्रोत र साधनलाई आवश्यकता र प्राथमिकताका आधारमा उच्च प्रतिफल दिने आयोजना वा कार्यक्रममा केन्द्रीत गर्ने, साथै आयोजना सुशासन कायम

गर्ने सन्दर्भमा केही समस्याहरू रहेका छन् । त्यस्ता समस्याको पहिचान गर्दै समाधानका उपाय सहित सुधार कार्यान्वयन कार्ययोजनाको स्वरुपमा प्रस्तुत दस्तावेज तयार गरी लागू गरिएको छ ।

## (ख) समस्याको पहिचान:

तहगत सरकारबाट सार्वजनिक पूर्वाधार लगायतका विकास निर्माणका लागि लगानी गर्न वार्षिक बजेट तथा कार्यक्रम मार्फत विनियोजित रकमको महत्त्वपूर्ण हिस्सा (औषत ३० देखि ४० प्रतिशतसम्म) तोकिएको आर्थिक वर्ष भित्र खर्च हुन सकेको छैन । निर्धारित समयमा विनियोजित रकम खर्च हुन नसक्दा एकातर्फ आयोजना सम्पन्न गर्ने अवधी शुरू अनुमानको तुलनामा बढ्दै गएको छ भने अर्को तर्फ आयोजना निर्माणको लागत पनि वृद्धि हुँदै गएको छ । जनताले समयमा नै सेवा सुविधा उपयोग गर्नबाट वञ्चित हुनु परेको अवस्था छ ।

तहगत सरकारबाट सञ्चालन हुने आयोजनाहरूको एकिकृत विवरण नहुँदा एउटै आयोजनामा एक भन्दा बढी तहको सरकारबाट वा एउटै तहको सरकारका पनि विभिन्न निकायहरूबाट दोहोरो रकम विनियोजन हुने र विनियोजित रकम खर्च गर्दा दुरुपयोग हुने जोखिम रहेको छ । साथै कार्यजिम्मेवारी छुट्याउने प्रष्ट सीमारेखाको अभावमा स्रोतको कुशल विनियोजन एवम् महत्तम उपयोग हुन सकेको छैन ।

सार्वजनिक लगानीका लागि सरकारले आयोजना तथा कार्यक्रमको छनौट गर्नुपूर्व पर्याप्त पूर्वतयारी भएका र आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य आयोजना वा कार्यक्रम मात्र छनौट भएका छन् भन्ने वस्तुगत आधार विना नै आयोजना निर्माण वा कार्यक्रम सञ्चालनका लागि रकम विनियोजन गर्नुपर्दा कतिपय अवस्थामा विनियोजित रकम खर्च भएर पनि प्रतिफल प्राप्त हुन सकेको छैन । अधुरा, अपुरा वा बीचमा छोड्नुपर्ने आयोजनाको सङ्ख्या ठूलो परिमाणमा रहेका छन् । यसले गर्दा सार्वजनिक स्रोतको जवाफदेही उपयोगमा प्रश्न चिन्ह खडा भएको छ ।

सार्वजनिक खरिदसँग सम्बन्धित प्रक्रियालाई चुस्त, प्रतिस्पर्धी एवम् पारदर्शी बनाउनका लागि विद्युतीय खरिद प्रणाली अवलम्बन गरिएको छ । यसको अभ्यासबाट केही सार्वजनिक खरिदमा सकारात्मक नतिजा पनि देखिएको छ; तर सबै किसिम र विधिका खरिद कार्यलाई विद्युयतीय प्रणालीमा आबद्ध गर्न नसक्दा अझै पनि कतिपय सार्वजनिक खरिद प्रक्रियामा पारदर्शिता र प्रतिस्पर्धात्मक अवसरको सुनिश्चितता सिर्जना गर्ने सन्दर्भमा थप सुधार आवश्यक देखिएको छ ।

आयोजना व्यवस्थापन सम्बन्धी दक्षता हाँसिल गर्नु चुनौतीपूर्ण बन्दै गएको छ । विशेषगरी आयोजनासँग सम्बन्धित जिम्मेवार अधिकारीहरूको छोटो समयमा नै सरुवा हुने कार्यले एकातर्फ दक्षता विकासमा असर परेको छ भने अर्को तर्फ आयोजना निर्माण वा सञ्चालनमा ढिला सुस्ती भैरहेको छ । यसले पनि सार्वजनिक लगानीको प्रभावकारीता अभिवृद्धिमा अवरोध सिर्जना हुन पुगेको छ ।

एक पटक निर्माण भई सञ्चालनमा गएका पूर्वाधार वा अन्य प्रणालीको सञ्चालनको क्रममा नियमित मर्मत सम्भार हुने सुनिश्चित गर्न नसक्दा एकातर्फ सेवाग्राहीले नियमितरुपमा गुणस्तरीय सेवा वा वस्तु उपयोग गर्नबाट वञ्चित हुनुपरेको छ भने अर्को तर्फ त्यस्ता संरचनाको पुनःनिर्माणमा ठूलो धनराशी खर्च गर्नुपरेको अवस्था छ ।

उल्लिखित समस्याहरूको समाधानका लागि एकीकृत स्वरुपमा सार्वजनिक लगानी व्यवस्थापन सम्बन्धी कार्ययोजना तर्जुमा र सोको प्रभावकारी कार्यान्वयन अत्यावश्यक देखिएको छ ।

## (ग) उद्देश्य:

सरकारको अलावा सार्वजनिक संस्थानबाट हुने लगानी, साथै सार्वजनिक-निजी लगानीको अवधारणा अनुरुप सञ्चालित आयोजनामा हुने लगानीको प्रभावकारीता अभिवृद्धि गर्नु नै प्रस्तुत कार्ययोजनाको मुख्य उद्देश्य रहेको छ।

सरकारले लगानी गर्दा जनउत्तरदायी भएर गर्नु पर्दछ, साथै मुद्राको मूल्य (Value for Money) लाई उच्च प्राथमिकतामा राखेर अधिकतम उपयोग र लाभ हाँसिल हुन सक्ने क्षेत्र वा आयोजनामा लगानीलाई प्राथमिकीकरण गर्दै जानु पर्दछ भन्ने मान्यताका साथ त्यस दिशामा सार्वजनिक लगानीलाई व्यवस्थित गर्दै लैजाने उद्देश्यले प्रस्तुत कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।

## (घ) लक्ष्य तथा कार्ययोजनाः

पहिचान गरिएका समस्याको समाधान गर्न, साथै उद्देश्य अनुरुप कार्य गर्दै जानका निमित्त मूलतः ७ वटा बृहत् लक्ष्य सहितको कार्ययोजना तर्जुमा गरिएको छ । प्रत्येक लक्ष्यको आवश्यकता वा औचित्य र अपेक्षित मुख्य उपलब्धीलाई पूर्व परिभाषित गरिएको छ । प्रत्येक लक्ष्य हाँसिल गर्नका लागि सम्पादन गर्नुपर्ने प्रमुख कार्य र सोका लागि जिम्मेवार निकाय तथा अधिकारी कार्ययोजनामा नै तोकिएको छ । साथै प्रमुख कार्य अन्तर्गत सम्पादन गरिनुपर्ने क्रियाकलापहरू र तत् सम्बन्धी समय सीमा र आवश्यक पर्ने स्रोतको व्यवस्थापनलाई समेत कार्ययोजनाले सुनिश्चित गर्न खोजेको छ ।

सातवटा बृहत् लक्ष्य तथा तत् अन्तर्गत पहिचान गरिएका २२ वटा मुख्य कार्य र ९९ वटा क्रियाकलाप तथा समयसीमा (Activities and Milestones) देहायबमोजिम रहेका छन्ः

| लक्ष्य | कार्य | क्रियाकलाप |
|---|---|---|
| लक्ष्य १ - राष्ट्रिय परियोजना बैङ्क चरणबद्ध रुपमा सुधार गर्ने । | ६ | ३१ |
| लक्ष्य २ - नियमित र पारदर्शी केन्द्रीय अनुगमन मार्फत पुँजीगत परियोजना पोर्टफोलियोलाई व्यवस्थित गर्ने । | १ | ५ |
| लक्ष्य ३ - बजेटमा समावेश गरिएका लगानी परियोजनाहरूमा पारदर्शीता अभिवृद्धि गर्ने । | ३ | १५ |
| लक्ष्य ४ - सार्वजनिक संरचना तथा पूर्वाधारहरूको नियमित मर्मत सम्भारका लागि निर्देशिका तयार गरी कार्यान्वयन गर्ने; साथै मर्मत सम्भारका लागि लगानी वृद्धि गर्दै जाने । | ३ | १७ |
| लक्ष्य ५ - सार्वजनिक खरिदको प्रभावकारी र पारदर्शी अनुगमन हुने सुनिश्चित गर्न विद्युतीय सार्वजनिक खरिद (e-GP) प्रणालीमा सुधार गर्ने । | १ | १० |
| लक्ष्य ६ - सार्वजनिक संस्थान तथा सार्वजनिक निजी साझेदारी मार्फत हुने लगानी परियोजनाको केन्द्रीय निगरानी/ निरीक्षण (Central Oversight) मा सुधार गर्ने । | ४ | १७ |
| लक्ष्य ७ - परियोजना व्यवस्थापन सुदृढीकरण गर्न आवश्यक प्रबन्ध गर्ने । | २ | ६ |

### लक्ष्य १ - राष्ट्रिय परियोजना बैङ्क चरणबद्ध रुपमा सुधार गर्ने

**लक्ष्यको आवश्यकताः**

राष्ट्रिय आयोजना बैङ्क मार्फत सबै ठूला आयोजनाहरूको अभिलेखीकरण, अद्यावधीकरण र मूल्याङ्कन गरी प्राथमिकताका आधारमा आयोजना छनौटद्वारा उपलब्ध स्रोतको कुशल विनियोजन गरी उच्चतम प्रतिफल सुनिश्चित गर्न।

**प्रमुख उपलब्धि:**

सङ्घ, प्रदेश र स्थानीय तहमा आयोजना बैङ्क सञ्चालनमा आउनेछ।

| | |
|---|---|
| **कार्य १:**<br>राष्ट्रिय आयोजना बैङ्क सञ्चालन कार्यविधि तर्जुमा गर्ने। | **जिम्मेवार निकाय:**<br>राष्ट्रिय योजना आयोग<br>**प्रमुख जिम्मेवार अधिकृत:**<br>सहसचिव, पूर्वाधार तथा उत्पादन महाशाखा |

**क्रियाकलाप र समयसीमा:**

२०८१/८२ > २०८२/८३ > २०८३/८४ > २०८४/८५ > २०८५/८६

१.१. २०८१/८२ पहिलो त्रैमासिक: कार्यविधिको प्रारम्भिक मस्यौदा तयार गरी मुख्य सरोकारवालाहरूसँग राय प्रतिक्रिया लिने।

१.२. २०८१/८२ पहिलो त्रैमासिक: प्राप्त राय प्रतिक्रियाको पुनरावलोकन गरी कार्यविधिको मस्यौदालाई अन्तिम रूप दिने।

१.३. २०८१/८२ दोस्रो त्रैमासिक: राष्ट्रिय योजना आयोगबाट कार्यविधि स्वीकृत गरी जारी गर्ने।

१.४. २०८१/८२ दोस्रो त्रैमासिक: राष्ट्रिय आयोजना बैङ्क सञ्चालन कार्यविधि सम्बन्धित सबै मन्त्रालय तथा केन्द्रीय निकाय र विभागहरूमा प्रेषित गरी जानकारी गराउने।

१.५. २०८१/८२ तेस्रो त्रैमासिक: सम्बन्धित मन्त्रालय तथा केन्द्रीय निकाय र विभागका कर्मचारीहरूलाई कार्यविधि सम्बन्धमा अभिमुखीकरण तथा तालिम (कार्य ३, क्रियाकलाप ३.४. सँगै) सञ्चालन गर्ने।

**आवश्यक स्रोत:**

अभिमुखीकरण तथा तालिमको लागि आवश्यक थप स्रोत वार्षिक बजेट मार्फत विनियोजन गर्ने।

| | |
|---|---|
| **कार्य २:**<br>आयोजना विकास, छनौट तथा प्राथमिकता सम्बन्धी एकीकृत निर्देशिका परिमार्जन गर्ने। | **जिम्मेवार निकाय:**<br>राष्ट्रिय योजना आयोग<br>**प्रमुख जिम्मेवार अधिकृत:**<br>सहसचिव, पूर्वाधार तथा उत्पादन महाशाखा |

**क्रियाकलाप र समयसीमा:**

२०८१/८२ > २०८२/८३ > २०८३/८४ > २०८४/८५ > २०८५/८६

२.१. २०८१/८२ पहिलो त्रैमासिक: आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत निर्देशिका समीक्षा र परिमार्जनका लागि प्राविधिक समिति गठन गर्ने।

२.२. २०८१/८२ पहिलो त्रैमासिक: सरोकार पक्षसँगको छलफल तथा परामर्शका आधारमा संशोधित निर्देशिकाको मस्यौदा तर्जुमा गर्ने ।

२.३. २०८१/८२ दोस्रो त्रैमासिक: राष्ट्रिय योजना आयोगबाट संशोधित निर्देशिका स्वीकृत गरी जारी गर्ने ।

२.४. २०८१/८२ तेस्रो त्रैमासिक: सम्बन्धित मन्त्रालय तथा केन्द्रीय निकाय र विभागका कर्मचारीहरूलाई निर्देशिका सम्बन्धमा अभिमुखीकरण तथा तालिम (कार्य ४, क्रियाकलाप ४.३. सँगै) सञ्चालन गर्ने ।

२.५. २०८१/८२ चौथो त्रैमासिक पश्चातः निर्देशिकाको परिमार्जित मस्यौदाको कार्यान्वयन

**आवश्यक स्रोतः**

अभिमुखीकरण तथा तालिमको लागि आवश्यक थप स्रोत वार्षिक बजेट मार्फत विनियोजन गर्ने ।

| | |
|---|---|
| **कार्य ३:**<br>राष्ट्रिय आयोजना बैङ्क सञ्चालन कार्यविधि र आयोजना विकास, छनौट तथा प्राथमिकता सम्बन्धी परिमार्जित एकीकृत निर्देशिका समेतका आधारमा राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (National Project Bank Management Information System, NPBMIS) लाई अध्यावधिक गर्ने । | **जिम्मेवार निकायः**<br>राष्ट्रिय योजना आयोग<br>**प्रमुख जिम्मेवार अधिकृतः**<br>सहसचिव, पूर्वाधार तथा उत्पादन महाशाखा<br>कार्यक्रम निर्देशक, आयोजना बैङ्क व्यवस्थापन शाखा |

**क्रियाकलाप र समयसीमाः**

२०८१/८२ → २०८२/८३ → २०८३/८४ → २०८४/८५ → २०८५/८६

३.१. २०८१/८२ पहिलो त्रैमासिक: राष्ट्रिय आयोजना बैङ्क सञ्चालन कार्यविधि र आयोजना विकास, छनौट तथा प्राथमिकता सम्बन्धी परिमार्जित एकीकृत निर्देशिकामा भएका व्यवस्था बमोजिम विद्यमान NPBMIS लाई अध्यावधिक गर्ने सम्बन्धी प्राविधिक सेवा खरिदका लागि सूचना आह्वान गर्ने ।

३.२. २०८१/८२ प्रथम त्रैमासिकः NPBMIS सञ्चालन तथा व्यवस्थापनका लागि थप एक जना सूचना प्रविधि सम्बन्धी प्राविधिक जनशक्ति (IT Officer) आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत दरबन्दी कायम गरी नियुक्त गर्ने ।

३.३. २०८१/८२ तेस्रो त्रैमासिक: प्राविधिक सेवा खरिद मार्फत NPBMIS लाई अध्यावधिक गर्ने ।

३.४. २०८१/८२ तेस्रो त्रैमासिक: मन्त्रालय, विभाग तथा अन्य सम्बन्धित निकायहरूमा अभिमुखीकरण तथा तालिम सञ्चालन गर्ने ।

३.५. २०८१/८२ चोथौ त्रैमासिक देखि निरन्तरः NPBMIS लाई पूर्णरुपमा कार्यान्वयनमा ल्याउने ।

**आवश्यक स्रोतः**

NPBMIS लाई अध्यावधिक गर्ने सम्बन्धी प्राविधिक जनशक्तिको नियुक्ति, सेवा खरिद र अभिमुखीकरण तथा तालिमको लागि आवश्यक थप स्रोत वार्षिक बजेट मार्फत विनियोजन गर्ने ।

| **कार्य ४:** | **जिम्मेवार निकायः** |
|---|---|
| राष्ट्रिय आयोजना बैकमा आबद्ध गर्ने गरी प्रादेशिक तथा स्थानीय आयोजना बैङ्क प्रणाली विकास तथा कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहका सरकारलाई सहजीकरण र आवश्यक सहयोग गर्ने । | राष्ट्रिय योजना आयोग<br>**सहयोगी निकायः**<br>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>**प्रमुख जिम्मेवार अधिकृतः**<br>सहसचिव, पूर्वाधार तथा उत्पादन महाशाखा<br>कार्यक्रम निर्देशक, आयोजना बैङ्क व्यवस्थापन शाखा |

**क्रियाकलाप र समयसीमाः**

२०८१/८२ > २०८२/८३ > २०८३/८४ > २०८४/८५ > २०८५/८६

४.१. २०८१/८२ तेस्रो त्रैमासिक: प्रदेशमा कार्यान्वयनमा रहेका आयोजना बैङ्कको मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने (कम्तिमा ३ वटा)।

४.२. २०८१/८२ चौथो त्रैमासिक: मूल्याङ्कन प्रतिवेदन तथा NPBMIS प्रणालीमा भएका विशेषता समेतका आधारमा प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (PPBMIS) अध्यावधिक गरी सबै प्रदेश सरकारलाई हस्तान्तरण गर्ने ।

४.३. २०८१/८२ चौथो त्रैमासिक: प्रदेश आयोजना बैङ्क सञ्चालन सम्बन्धमा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकायलाई अभिमुखीकरण गर्ने ।

४.४. २०८२/८३ दोस्रो त्रैमासिक: प्रादेशिक आयोजना बैङ्क प्रणालीलाई राष्ट्रिय आयोजना बैङ्क प्रणालीसँग एकीकृत गर्ने ।

४.५. २०८२/८३ दोस्रो त्रैमासिक: स्थानीय तहमा कार्यान्वयनमा रहेका आयोजना बैङ्कको मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने (कम्तिमा ७ वटा)।

४.६. २०८२/८३ तेस्रो त्रैमासिक: मूल्याङ्कन प्रतिवेदन तथा NPBMIS प्रणालीमा भएका विशेषता समेतका आधारमा स्थानीय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (LPBMIS) विकास गरी सबै स्थानीय तहलाई हस्तान्तरण गर्ने ।

४.७. २०८२/८३ तेस्रो-चौथो त्रैमासिक: स्थानीय आयोजना बैङ्क सञ्चालन सम्बन्धमा सबै स्थानीय तहलाई अभिमुखीकरण गर्ने ।

४.८. २०८३/८४ दोस्रो त्रैमासिक: स्थानीय आयोजना बैङ्क प्रणालीलाई राष्ट्रिय आयोजना बैङ्क प्रणालीसँग एकीकृत गर्ने ।

**आवश्यक स्रोत**:

सफ्टवेयर विकास, हस्तान्तरण तथा वार्षिक मर्मतसम्भार र प्रणाली सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रमका लागि लाग्ने लागत वार्षिक बजेट मार्फत विनियोजन गर्ने ।

<table>
<tr>
<td>कार्य ५:<br>आयोजना वर्गीकरणसम्बन्धी मापदण्ड तथा निर्देशिकाको पूर्ण कार्यान्वयन गर्ने ।</td>
<td>जिम्मेवार निकाय:<br>राष्ट्रिय योजना आयोग<br>सहयोगी निकाय:<br>अर्थ मन्त्रालय, नेपाल सरकार<br>आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश सरकार<br>प्रमुख जिम्मेवार अधिकृत:<br>सहसचिव, पूर्वाधार तथा उत्पादन महाशाखा</td>
</tr>
<tr>
<td colspan="2">क्रियाकलाप र समयसीमा:<br>२०८१/८२ > २०८२/८३ > २०८३/८४ > २०८४/८५ > २०८५/८६<br>५.१. २०८१/८२ पहिलो-दोस्रो त्रैमासिक: तीनै तहका सरकारले कार्यान्वयनमा ल्याएका आयोजनाहरूको आयोजना वर्गीकरण मापदण्ड तथा निर्देशिकासँगको तादात्म्यता सम्बन्धमा तेस्रो पक्षबाट अध्ययन गर्ने ।<br>५.२. २०८१/८२ तेस्रो त्रैमासिक: अध्ययनबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने ।<br>५.३. २०८१/८२ चौथो त्रैमासिक र तत् पश्चात निरन्तरः मापदण्डको पूर्ण कार्यान्वयन सुनिश्चित गर्ने ।</td>
</tr>
<tr>
<td colspan="2">आवश्यक स्रोत:<br>तेस्रो पक्ष अध्ययनका लागि परामर्शदाताको लागत वार्षिक बजेट मार्फत विनियोजन गर्ने ।</td>
</tr>
<tr>
<td>कार्य ६:<br>राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (NPBMIS), मध्यमकालीन खर्च संरचना (MTEF), मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), विद्युतीय सरकारी खरिद (E-GP) प्रणाली र लगानी बोर्ड नेपालमा रहेको आयोजना बैङ्क प्रणालीबीच अन्तरआबद्धता कायम गरी एकीकृत आयोजना व्यवस्थापन सूचना प्रणाली विकास गर्ने ।</td>
<td>जिम्मेवार निकाय:<br>अर्थ मन्त्रालय<br>सहयोगी निकायहरू:<br>राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, लगानी बोर्ड नेपाल<br>प्रमुख जिम्मेवार अधिकृत:<br>सहसचिव, बजेट महाशाखा, अर्थ मन्त्रालय</td>
</tr>
<tr>
<td colspan="2">क्रियाकलाप र समयसीमा:<br>२०८१/८२ > २०८२/८३ > २०८३/८४ > २०८४/८५ > २०८५/८६<br>६.१. २०८१/८२ पहिलो त्रैमासिक: सम्बन्धिक मन्त्रालय तथा निकायका पदाधिकारी सम्मिलित समन्वय समिति गठन गर्ने ।<br>६.२. २०८१/८२ दोस्रो त्रैमासिक: प्रणालीहरू बीच अन्तरआबद्धताको प्राविधिक सम्भाव्यता निश्चित गर्न प्रणालीहरूको प्राविधिक मूल्याङ्कन गर्ने ।<br>६.३. प्रणालीहरू बीचमा चरणबद्धरुपमा अन्तरआबद्धता (Interface) कायम गर्नेः</td>
</tr>
</table>

| |
|---|
| - चरण १. २०८१/८२ चौथो त्रैमासिक: NPBMIS र LMBIS बिचमा अन्तरआबद्धता कायम गर्ने।<br>- चरण २. २०८२/८३ चौथो त्रैमासिकः NPBMIS, LMBIS, MTEF बिचमा अन्तरआबद्धता कायम गर्ने।<br>- चरण ३. २०८३/८४ चौथो त्रैमासिकः NPBMIS, LMBIS, MTEF र e-GP बिचमा अन्तरआबद्धता कायम गर्ने।<br>६.४. २०८२/८३ चौथो त्रैमासिकः लगानी बोर्ड नेपाल अन्तर्गत सूचीकृत आयोजना बैङ्क सूचना प्रणाली लाई NPBMIS सँग अन्तरआबद्ध गरी सार्वजनिक निजी साझेदारीका आयोजनाहरूलाई पनि राष्ट्रिय आयोजना बैङ्कको छाता भित्र आवद्ध गराउने।<br>६.५. २०८१/८२ प्रथम त्रैमासिक देखि नै निरन्तरः स्थापित प्रणालीको दिगो सञ्चालन तथा व्यवस्थापनको सुनिश्चितता गर्ने। |
| **आवश्यक स्रोतः**<br>सफ्टवेयर विकास र अन्तरआवद्धता प्रोग्रामिङका साथै सूचना प्रणालीको नियमित मर्मत सम्भारका लागि आवश्यक रकम अर्थ मन्त्रालयले वार्षिक बजेट मार्फत विनियोजन गर्ने। |

## लक्ष्य २ - नियमित र पारदर्शी केन्द्रीय अनुगमन मार्फत पुंजीगत परियोजना पोर्टफोलियोलाई व्यवस्थित गर्ने।

**लक्ष्यको आवश्यकताः**

मुख्य मुख्य परियोजना कार्यान्वयनमा भएको ढिलासुस्ती, शुरु अनुमानको तुलनामा समय र लागत बढ्ने (Time-overrun and Cost Overrun) अवस्था, रकमान्तर लगायतका विषयको नियमित अनुगमन तथा मुल्याङ्कनका साथै परियोजना समापन पश्चात अन्तिम मुल्याङ्कन गर्नाले परियोजना पोर्टफोलियो व्यवस्थापन सहज र पारदर्शी हुने।

**मुख्य उपलब्धिः**

परियोजना कार्यान्वयनमा हुने ढिलासुस्ती र लगत बढ्दै जाने अवस्थाको न्यूनीकरण हुने।

| **कार्य १:** | **जिम्मेवार निकायः** |
|---|---|
| परियोजना पोर्टफोलियो सम्बन्धी विस्तृत विवरणसहित त्रैमासिक र वार्षिक अनुगमन प्रतिवेदन प्रकाशित गर्ने। | राष्ट्रिय योजना आयोग<br>**प्रमुख जिम्मेवार अधिकृतः**<br>सहसचिव, अनुगमन तथा मुल्याङ्कन महाशाखा<br>सहयोगी निकायः<br>प्रधानमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, सम्बन्धित विषयक्षेत्रगत मन्त्रालय (योजना महाशाखा) |
| **क्रियाकलाप र समयसीमाः** | |

२०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६

१.१. २०८१/८२ प्रथम त्रैमासिकः राष्ट्रिय र मन्त्रालयस्तरीय विकास समस्या समितिमा गरिने प्रतिवेदनमा मन्त्रालय अन्तरगत रहेका परियोजनाहरूको पोर्टफोलियो अनुगमन खाँका तर्जुमाका लागि कार्यदल गठन गर्ने ।

१.२. २०८१/८२ तेस्रो त्रैमासिकः अन्तराष्ट्रिय अनुभवको अध्ययन समेतका आधारमा परियोजना पोर्टफोलियो अनुगमन खाँका तर्जुमा गरी पेश गर्ने ।

१.३. २०८१/८२ तेस्रो त्रैमासिकःत्रैमासिक रुपमा हुने मन्त्रालयस्तरीय विकास समस्या समितिमा परियोजना पोर्टफोलियो अनुगमन खाँकाबमोजिम प्रतिवेदन प्रस्तुत गर्न मार्गदर्शन जारी गर्ने ।

१.४. २०८१/८२ चौथो त्रैमासिकःराष्ट्रिय विकास समस्या समाधान समितिमा परियोजना पोर्टफोलियो सम्बन्धि एकिकृत प्रतिवेदन तयार गरी पेश गर्ने ।

१.५. २०८२/८३ प्रथम त्रैमासिक पश्चात निरन्तरः प्रत्येक राष्ट्रिय र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा परियोजना पोर्टफोलियो सम्बन्धि एकिकृत प्रतिवेदन तयार गरी पेश गर्ने र राष्ट्रिय योजना आयोगले परियोजना पोर्टफोलियो सम्बन्धी विस्तृत विवरणसहित त्रैमासिक र वार्षिक अनुगमन प्रतिवेदन प्रकाशित गर्ने ।

**आवश्यक पर्ने स्रोतः**

प्रतिवेदन तयारी र प्रकाशनका लागि आवश्यक थप स्रोत वार्षिक बजेट मार्फत विनियोजन गर्ने ।

## लक्ष्य ३ - बजेटमा समावेश गरिएका लगानी परियोजनाहरूमा पारदर्शीता अभिवृद्धि गर्ने ।

**लक्ष्यको आवश्यकताः**

परियोजनामा भएको लागनीको समग्र विवरण एकीकृत रुपमा प्रकाशन गरिएमा लागत र अपेक्षित उपलब्धी बिचको तादत्म्यता कायम भई परियोजनामा हुने लगानी व्यवस्थापन थप प्रभावकारी हुँदै जाने ।

**मुख्य उपलब्धिः**

सार्वजनिक लगानीको प्राथमिकीकरणमा सहयोग पुग्नुका साथै वित्तीय कुशलता तथा सुशासन अभिवृद्धि हुँदै जाने।

| | |
|---|---|
| **कार्य १:**<br>गैर बजेटरी कोष तथा सार्वजनिक संस्थान, सार्वजनिक निजी साझेदारी, प्रदेश तथा स्थानीय तह, र विकास साझेदारबाट परियोजनामा भएको लगानीको लेखाजोखा गर्नका लागि क्षेत्रगत रूपमा र परियोजनास्तरमा हुने पुँजीगत खर्चको विस्तृत विवरण बार्षिक बजेटसँगसँगै प्रकाशन गर्ने । | **जिम्मेवार निकायः**<br>अर्थ मन्त्रालय, नेपाल सरकार<br>**सहयोगी निकायः**<br>सम्बन्धित विषयगत मन्त्रालय, नेपाल सरकार<br>राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रकको कार्यालय<br>**प्रमुख जिम्मेवार अधिकृतः**<br>सहसचिव, बजेट तथा कार्यक्रम महाशाखा |
| **क्रियाकलाप र समयसीमाः** | |

२०८१/८२ > २०८२/८३ > २०८३/८४ > २०८४/८५ > २०८५/८६

१.१. २०८१/८२ पहिलो त्रैमासिकः परियोजनास्तरमा हुने पुँजीगत खर्चको विस्तृत विवरण तयारीका लागि आवश्यक पर्ने खाका तयार गरी स्वीकृत गर्ने।

१.२. २०८१/८२ तेस्रो त्रैमासिकः सम्बन्धित क्षेत्रगत मन्त्रालय र निकायलाई तत् तत् मन्त्रालय तथा निकाय अन्तर्गत रहेका गैर बजेटरी कोष, सार्वजनिक संस्थान, सार्वजनिक निजी साझेदारी, प्रदेश तथा स्थानिय तह र विकास साझेदारबाट सञ्चालनमा रहेका परियोजनामा भएको लगानीको विस्तृत विवरण स्वीकृत खाँका अनुरुप उपलब्ध गराउन लेखी पठाउने।

१.३. २०८१/८२ चौथो त्रैमासिकः गैर बजेटरी कोष, सार्वजनिक संस्थान, सार्वजनिक निजी साझेदारी, प्रदेश तथा स्थानिय तह र विकास साझेदारबाट सञ्चालनमा रहेका परियोजनामा भएको लगानीको विस्तृत विवरण एकीकृत गरी बजेट दस्तावेज प्रकाशन हुँदाको समयमा प्रकाशन गर्ने।

१.४. माथि उल्लेखित समयसीमा अनुरुप प्रत्येक वर्ष यस्तो विवरण अद्यावधिक गरी प्रकाशन गर्ने।

**आवश्यक पर्ने स्रोतः**

प्रतिवेदन तयारी सम्बन्धी विवरण सङ्कलन कार्य विद्यमान संरचना तथा उपलब्ध जनशक्तिबाट नै सम्पन्न हुने। दस्तावेज प्रकाशनका लागि आवश्यक थप स्रोत वार्षिक बजेट मार्फत विनियोजन गर्ने।

| | |
|---|---|
| **कार्य २:**<br>चालु तथा प्रस्तावित नयाँ परियोजनाहरू छुट्टिने गरी र बहुवर्षीय प्रतिबद्धता समेत खुल्ने गरी सबै परियोजनाको कुल लागतको विवरण बार्षिक रुपमा प्रकाशन हुने प्रबन्ध गर्ने। | **जिम्मेवार निकायः**<br>राष्ट्रिय योजना आयोग<br>**सहयोगी निकायः**<br>अर्थ मन्त्रालय, सम्बन्धित विषयगत मन्त्रालय<br>**प्रमुख जिम्मेवार अधिकृतः**<br>सहसचिव, आर्थिक व्यवस्थापन महाशाखा |

**क्रियाकलाप र समयसीमाः**

२०८१/८२ > २०८२/८३ > २०८३/८४ > २०८४/८५ > २०८५/८६

२.१. २०८१/८२ दोस्रो त्रैमासिकः परियोजनाहरूमा दिइएको बहुबर्षीय दायित्व सम्बन्धी विवरण (आयोजना सम्पन्न हुने अवधिसम्मको वार्षिक) खुल्नेगरी ढाँचा निर्धारण गरी स्वीकृत गर्ने।

२.२. २०८१/८२ तेस्रो त्रैमासिकः वार्षिक बजेट र मध्यमकालिन खर्च संरचनाको मार्गदर्शन र ढाँचासँगै बहुवर्षिय स्रोत सुनिश्चितता दिइएका परियोजनाहरूको विवरण स्वीकृत ढाँचा अनुरुप उपलब्ध गराउन लेखी पठाउने।

२.३. २०८१/८२ चौथो त्रैमासिकः मध्यमकालिन खर्च संरचनाको अनुसूचीमा स्रोत सुनिश्चितता दिइएका आयोजनमा सिर्जित दायित्व, लगानीको स्रोत र समयावधि खुल्ने गरी विवरण प्रकाशन गर्ने।

२.४. माथि उल्लेखित समयसीमा अनुरुप प्रत्येक वर्ष यस्तो विवरण अद्यावधिक गरी प्रकाशन गर्ने।

**आवश्यक पर्ने स्रोतः**

थप स्रोत आवश्यक नपर्ने।

| | |
|---|---|
| **कार्य ३:**<br>सार्वजनिक संस्थान, सार्वजनिक निजी साझेदारी र प्रदेश तथा स्थानीय तहबाट उत्पन्न हुने आकस्मिक दायित्व (Contingent Liabilities) को अभिलेखीकरण र अनुगमन गर्नका लागि आवश्यक कानूनी प्रबन्ध गर्ने। | **जिम्मेवार निकायः**<br>महालेखा नियन्त्रकको कार्यालय<br>**प्रमुख जिम्मेवार अधिकृतः**<br>सहमहालेखा नियन्त्रक, सम्पत्ती तथा दायित्व व्यवस्थापन महाशाखा |

**क्रियाकलाप र समयसीमाः**

२०८१/८२ → २०८२/८३ → २०८३/८४ → २०८४/८५ → २०८५/८६

३.१. २०८१/८२ प्रथम त्रैमासिकः सार्वजनिक संस्थान, सार्वजनिक निजी साझेदारी र प्रदेश तथा स्थानीय तहबाट के-कस्ता आकस्मिक दायित्वहरू सिर्जित हुन्छन भन्ने सम्बन्धमा mapping गर्नका लागि र तिनको अभिलेखीकरण र अनुगमनका लागि आवश्यक पर्ने कानुनी सुधारका सम्बन्धमा अध्ययन गर्न कार्यशर्त तयार गर्ने।

३.२. २०८१/८२ दोस्रो त्रैमासिकः स्वीकृत कार्यशर्त बमोजिमको अध्ययनका लागि परामर्शदाता छनौट गर्ने।

३.३. २०८१/८२ तेस्रो त्रैमासिकः परामर्शदाताबाट अध्ययन प्रतिवेदन प्राप्त गर्ने।

३.४. २०८१/८२ चौथो त्रैमासिकः अध्ययन प्रतिवेदनको सिफारिसमा आधारित रही सार्वजनिक संस्थान, सार्वजनिक निजी साझेदारी र प्रदेश तथा स्थानीय तहबाट उत्पन्न हुने आकस्मिक दायित्व (Contingent Liabilities) को पहिचान, अभिलेखीकरण र अनुगमन गर्नका लागि आवश्यक कानूनी प्रबन्ध सम्बन्धमा आवश्यकता अनुसार विद्यमान कानुनको संशोधन वा नयाँ कानुन तर्जुमाका लागि मस्यौदा तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्ने।

३.५. २०८२/८३ प्रथम त्रैमासिकः प्रस्तावित नीतिगत व्यवस्थालाई नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरी कार्यान्वयनमा ल्याउने।

३.६. २०८२/८३ दोस्रो र तेस्रो त्रैमासिकः आकस्मिक दायित्च पहिचान र प्रतिवेदनसम्बन्धमा सङ्घ, प्रदेश, स्थानीय तह, सार्वजनिक संस्थानलगायतका सम्बन्धित पदाधिकारीहरूलाई अभिमुखीकरण र तालिम सञ्चालन गर्ने।

३.७. २०८२/८३ चौथो त्रैमासिक र तत् पश्चातका हरेक वर्षः सार्वजनिक संस्थान, सार्वजनिक निजी साझेदारी र प्रदेश तथा स्थानीय तहद्वारा कार्यान्वयन गरिएका सबै परियोजनाहरूबाट उत्पन्न हुने सबै किसिमका आकस्मिक दायित्वहरू पहिचान गरी तत् सम्बन्धी विवरण बजेट दस्तावेजसँगै प्रकाशन गर्ने।

**आवश्यक पर्ने स्रोतः**

अध्ययन तथा कानुन मस्यौदा गर्न र सङ्घ, प्रदेश तथा स्थानीय तहमा अभिमुखीकरण गर्नका लागि स्रोत व्यक्ति तथा वित्तीय स्रोतको आवश्यक पर्ने, आवश्यक थप स्रोत वार्षिक बजेट मार्फत विनियोजन गर्ने।

**लक्ष्य ४ - सार्वजनिक संरचना तथा पूर्वाधारहरूको नियमित मर्मत संभारका लागि निर्देशिका तयार गरी कार्यान्वयन गर्ने, साथै मर्मत संभारका लागि लगानी वृद्धि गर्नै जाने।**

**लक्ष्यको आवश्यकताः**

नियमित रुपमा सार्वजनिक संरचना तथा पूर्वाधारहरूको मर्मत संभार गरी आयोजनाको कूल सञ्चालन खर्च न्यून गराउन आवश्यक रहेको ।

**प्रमुख उपलब्धिः**

सार्वजनिक संरचना तथा पूर्वाधारहरूको दिगोपना कायम भइ दीर्घकालमा उच्च प्रतिफल प्राप्त हुने ।

<table>
<tr><td>कार्य १:<br>अन्तर्राष्ट्रिय अभ्यास अनुरूप चालु र पुँजीगत मर्मतसम्भार योजना र लागत अनुमान तयार गर्न एकीकृत निर्देशिका तर्जुमा गर्ने ।</td><td>जिम्मेवार निकायः<br>राष्ट्रिय योजना आयोग<br>सहयोगी निकायः<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय<br>प्रमुख जिम्मेवार अधिकृतः<br>सहसचिव, पूर्वाधार तथा उत्पादन महाशाखा</td></tr>
<tr><td colspan="2">क्रियाकलाप र समयसीमा:<br>२०८१/८२ > २०८२/८३ > २०८३/८४ > २०८४/८५ > २०८५/८६<br>१.१. २०८१/८२ प्रथम त्रैमासिकः सार्वजनिक संरचना तथा पूर्वाधारहरूको नियमित मर्मत संभारसम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास र नेपालको सन्दर्भमा अपनाउनुपर्ने उपायहरूका सम्बन्धमा सुझाव दिनका लागि र सार्वजनिक सम्पत्तिको लगत (Asset Inventory) तयार गर्नका अध्ययन गर्न कार्यशर्त तयार गर्ने।<br>१.२. २०८१/८२ दोस्रो त्रैमासिकः उल्लिखित अध्ययनका लागि परामर्शदाता छनौट गर्ने ।<br>१.३. २०८१/८२ चौथो त्रैमासिकः अध्ययन प्रतिवेदन प्राप्त गर्ने ।<br>१.४. २०८२/८३ प्रथम त्रैमासिकः अध्ययनको सिफारिसका आधारमा चालु र पुँजीगत मर्मतसम्भार योजना र लागत अनुमान तयार गर्ने सम्बन्धि एकीकृत निर्देशिकाको मस्यौदा तयार गर्ने ।<br>१.५. २०८२/८३ दोस्रो त्रैमासिकः एकीकृत निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।</td></tr>
<tr><td colspan="2">आवश्यक पर्ने स्रोतः<br>अध्ययन एवम् मस्यौदा तयारीका लागि आवश्यक स्रोत नेपाल सरकारको वार्षिक बजेट मार्फत विनियोजन गर्ने वा विकल्पमा विकास साझेदारहरूसँग सहकार्य गर्न सकिने ।</td></tr>
<tr><td>कार्य २:<br>अन्तर्राष्ट्रिय अभ्यास अनुरूप चालु र पुँजीगत मर्मतसम्भार योजना र लागत अनुमान तयार गर्न विषयक्षेत्रगत निर्देशिका तर्जुमा गर्ने ।</td><td>जिम्मेवार निकायः<br>भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, ऊर्जा तथा सिंचाइ मन्त्रालय, सहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय<br>प्रमुख जिम्मेवार अधिकृतः</td></tr>
</table>

| | |
|---|---|
| | सहसचिव, योजना तथा अनुगमन महाशाखा (भौतिक पूर्वाधार मन्त्रालय, ऊर्जा तथा सिंचाइ मन्त्रालय, सहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय) |

**क्रियाकलाप र समयसीमाः**

२०८१/८२ → २०८२/८३ → २०८३/८४ → २०८४/८५ → २०८५/८६

२.१. २०८३/८४ प्रथम त्रैमासिकः चालु र पुँजीगत मर्मतसम्भार योजना र लागत अनुमान तयार गर्ने सम्बन्धी एकीकृत निर्देशिकाको अधिनमा रही बिषयक्षेत्रगत निर्देशिकाको मस्यौदा तयार गर्ने।

२.२. २०८३/८४ दोस्रो त्रैमासिकः चालु र पुँजीगत मर्मतसम्भार योजना र लागत अनुमान तयार गर्ने सम्बन्धी बिषयक्षेत्रगत निर्देशिका स्वीकृत गरी लागू गर्ने।

२.३. २०८३/८४ तेस्रो त्रैमासिकः बिषयक्षेत्रगत निर्देशिका कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित विभाग, कार्यालय तथा अन्य सार्वजनिक निकायका पदाधिकारीहरूलाई अभिमुखीकरण तथा तालिम दिने।

२.४. २०८३/८४ चौथो त्रैमासिक र तत् पश्चात हरेक वर्षः चालु र पुँजी मर्मतसम्भारका लागि आवश्यक स्रोत विनियोजन गर्दै जाने। चालु तथा पुँजीगत मर्मतका लागि क्रमशः बजेट विनियोजन वृद्धि गर्दै जाने र बजेट तर्जुमा दिग्दर्शनमा मर्मत सम्भार खर्चलाई प्राथमिकताका साथ उल्लेख गर्ने।

**आवश्यक पर्ने स्रोतः**

मस्यौदा तयारीका लागि विज्ञ तथा तालिम र अभिमुखीकरणका लागि आवश्यक पर्ने स्रोतको अलावा नियमित रुपमा चालु तथा पुँजीगत मर्मत सम्भार सम्बन्धी कार्यका लागि आवश्यक रकम सम्बन्धित मन्त्रालयको वार्षिक बजेट मार्फत विनियोजन गर्ने।

| **कार्य ३:** | **जिम्मेवार निकायः** |
|---|---|
| नियमित अन्तरालमा सार्वजनिक सम्पत्तिहरूको अद्यावधिक र विस्तृत सूची तयार गर्न सबै निकायमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System, PAMS) कार्यान्वयनमा ल्याउने। | महालेखा नियन्त्रकको कार्यालय<br>**मुख्य जिम्मेवार अधिकृतः**<br>सह-महालेखा नियन्त्रक, कोष व्यवस्थापन तथा सुचना प्रविधि महाशाखा |

**क्रियाकलाप र समयसीमा**

२०८१/८२ → २०८२/८३ → २०८३/८४ → २०८४/८५ → २०८५/८६

३.१. २०८१/८२ दोस्रो त्रैमासिकः हाल कार्यान्वयमा रहेको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा परिमार्जन गर्नुपर्ने विषयहरूको पहिचान गर्ने।

३.२. २०८१/८२ चौथो त्रैमासिकः सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आवश्यक परिमार्जन गर्ने।

३.३. २०८२/८३ दोस्रो त्रैमासिकः परिमार्जित प्रणालीको दुईवटा कार्यालयमा परीक्षण सञ्चालन गर्ने।

३.४. २०८२/८३ चौथो त्रैमासिकः परीक्षण सञ्चालनको पृष्ठपोषणका आधारमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आवश्यक सुधार गर्ने ।

३.५. २०८३/८४ प्रथम त्रैमासिकः सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रत्येक वर्गका सम्पत्तिहरूको ह्रासकट्टी / मूल्यह्रास सूचीकृत गर्नका लागि निर्देशिका तर्जुमा गरी लागू गर्ने ।

३.६. २०८३/८४ दोस्रो-तेस्रो त्रैमासिकः सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सम्पत्तिको ह्रासकट्टी / मूल्यह्रास सूचीकृत गर्ने निर्देशिका सम्बन्धमा सम्बन्धित निकायहरूलाई अभिमुखीकरण गर्ने ।

३.७. २०८३/८४ तेस्रो त्रैमासिक र तत् पश्चात निरन्तररुपमा: सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सार्वजनिक सम्पत्तिहरूको विवरण नियमित अद्यावधिक गर्ने ।

३.८. २०८४/८५ प्रथम त्रैमासिक र तत् पश्चात वार्षिक रुपमा: अद्यावधिक सार्वजनिक सम्पत्तिको विवरण वार्षिक प्रतिवेदनसँगै प्रकाशन गर्ने ।

**आवश्यक पर्ने स्रोत:**

प्रणालि सुधारका लागि आवश्यक लागत वार्षिक बजेट मार्फत विनियोजन गर्ने ।

## लक्ष्य ५ - सार्वजनिक खरिदको प्रभावकारी र पारदर्शी अनुगमन हुने सुनिश्चित गर्न विद्युतीय सार्वजनिक खरिद (e-GP) प्रणालीमा सुधार गर्ने ।

**लक्ष्यको आवश्यकता:**

सार्वजनिक खरिदसम्बन्धी कानुनमा परिकल्पना गरिए बमोजिम सार्वजनिक खरिदलाई थप प्रतिस्पर्धात्मक र पारदर्शी बनाउन आवश्यक रहेको ।

**मुख्य उपलब्धि:**

सबै किसिमका सार्वजनिक खरिद सम्बन्धी विवरण उपलब्ध हुनेगरी विद्युतीय सार्वजनिक खरिद प्रणाली (e-GP) मा सुधार भएको हुने ।

| | |
|---|---|
| **कार्य १:**<br>खरिद प्रक्रियाका सबै चरणहरूसँग सम्बन्धित तथ्याङ्क व्यवस्थित रूपमा प्राप्त गर्न e-GP का सबै विधि (Module) हरू प्रयोग गर्ने । | **जिम्मेवार निकाय:**<br>सार्वजनिक खरिद अनुगमन कार्यालय<br>**मुख्य जिम्मेवार अधिकारी:**<br>सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय |

**क्रियाकलाप र समयसीमा:**

२०८१/८२ → २०८२/८३ → २०८३/८४ → २०८४/८५ → २०८५/८६

१.१. २०८१/८२ प्रथम त्रैमासिकः विद्यमान विद्युतीय सरकारी खरिद प्रणाली (e-GP System) मा सबै विधिबाट हुने सबै प्रकृतिका सार्वजनिक खरिदको विवरण प्रविष्टी गर्ने उपयुक्तता र थप गर्नुपर्ने मोड्यूलहरू सम्बन्धमा प्राविधिक अध्ययनका लागि कार्यशर्त (Terms of Reference) तयार गर्ने ।

|  |
|---|
| १.२. २०८१/८२ चौथो त्रैमासिकः विद्यमान सार्वजनिक खरिद प्रणाली (e-GP System) मा सबै विधिबाट हुने सबै प्रकृतिका सार्वजनिक खरिदको विवरण प्रविष्टी गर्ने उपयुक्तता र थप गर्नुपर्ने मोड्यूलहरू सम्बन्धमा प्राविधिक अध्ययन सम्पन्न गर्ने ।<br>१.३. २०८२/८३ चौथो त्रैमासिकः अध्ययन बाट प्राप्त निस्कर्ष समेतका आधारमा e-GP System मा आवश्यक सामयिक सुधार गर्ने ।<br>१.४. २०८३/८४ पहिलो त्रैमासिकः सामान्यतया बारम्बार खरिद गर्ने मन्त्रालय, विभाग, कार्यालय वा अन्य सार्वजनिक संस्थानहरू चयन गरी खरिदको पारदर्शिता अभिवृद्धि हुने गरी खरिद सम्बन्धी विवरणहरू प्रविष्टी गर्ने सम्बन्धमा छलफल तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गर्ने ।<br>१.५. २०८३/८४ दोस्रो त्रैमासिकः अभिमुखीकरण गरिएका मन्त्रालय, विभाग, कार्यालय तथा अन्य सार्वजनिक संस्थानले तत् तत् संगठनबाट सबै विधिबाट हुने खरिदको विवरण र खरिदको सबै चरण (खरिदको प्रारम्भदेखी खरिद सम्झौताको समाप्तिसम्म) को विवरण प्रविष्टी गर्ने ।<br>१.६. २०८४/८५ प्रथम त्रैमासिकः प्रारम्भिक चरणको अनुभव समेतका आधारमा e-GP System मा आवश्यक सुधार गर्ने ।<br>१.७. २०८४/८५ दोस्रो - चौथो त्रैमासिकः सबै सङ्घीय निकायहरूबाट हुने सबै विधिका खरिदको विवरण (सार्वजनिक संस्थान तथा सार्वजनिक निजी साझेदारीमा सञ्चालित आयोजना तथा कार्यक्रम समेत) e-GP System मा प्रविष्टि हुने सुनिश्चित गर्ने ।<br>१.८. २०८४/८५ प्रथम त्रैमासिक पश्चातः सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणालीबाट खरिद प्रक्रियाका सबै चरणहरूसँग सम्बन्धित खरिद तथ्याङ्क विश्लेषण गर्ने र यसको प्रतिवेदन सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटमा नियमित रूपमा प्रकाशन गर्ने ।<br>१.९. २०८४/८५ दोस्रो - चौथो त्रैमासिकः प्रदेश र स्थानीय तहमा सार्वजनिक खरिद कानून तथा e-GP System सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र अभिमुखीकरण गरिएका प्रदेश तथा स्थानीय तहका सबै विधिका खरिदमा क्रमशः e-GP System प्रयोगमा ल्याउने ।<br>१.१०. २०८५/८६ प्रथम त्रैमासिक र तत् पश्चात निरन्तरः सबै मोड्युल सहितको e-GP System प्रदेश र स्थानीय तहमा समेत प्रयोगमा ल्याउने । |
| **आवश्यक पर्ने स्रोतः**<br>अध्ययन, प्रणाली सुधार, अभिमुखीकरण तथा तालिमका लागि आवश्यक स्रोत वार्षिक बजेट मार्फत विनियोजन गर्ने । |

## लक्ष्य ६ - सार्वजनिक संस्थान तथा सार्वजनिक निजी साझेदारी मार्फत हुने लगानी परियोजनामा केन्द्रीय निगरानी/ निरीक्षण (Central Oversight) सुधार गर्ने ।

**लक्ष्यको आवश्यकताः**

नेपाल सरकारले सार्वजनिक संस्थान वा सार्वजनिक निजी साझेदारीका माध्ययमबाट पुँजीगत लगानी गर्दा अपनाउनुपर्ने पूर्वसावधानी, जोखिमहरूको यथार्थ आँकलन र नियमित अनुगमन तथा मुल्याङ्कन प्रणालीमा सुधार गर्न आवश्यक देखिएको ।

**मुख्य उपलब्धिः**

सार्वजनिक संस्थानबाट हुने लगानी तथा सार्वजनिक निजी साझेदारीमा गरिने सार्वजनिक लगानीबाट सिर्जित हुने जोखिम न्यूनीकरण भई उच्चतम प्रतिफल प्राप्त हुने

| **कार्य १:** | **जिम्मेवार निकायः** |
|---|---|
| वित्तीय सामर्थ्यता मुल्याङ्कन (Fiscal Affordability assessment), मुद्राको मूल्य विश्लेषण (Value for Money Assessment) तथा जोखिम बाँडफाट म्याट्रिक्स (Risk Allocation Matrix) समेत समावेश हुनेगरी सार्वजनिक निजी साझेदारी सम्बन्धी नितीगत व्यवस्थाको पूनरावलोकन गर्ने। | लगानी बोर्डको कार्यालय<br>**मुख्य जिम्मेवार अधिकृतः**<br>प्रमुख कार्यकारी अधिकृत |

**क्रियाकलाप र समयसीमा**

२०८१/८२ > २०८२/८३ > २०८३/८४ > २०८४/८५ > २०८५/८६

१.१. २०८१/८२ प्रथम त्रैमासिकः सार्वजनिक निजी साझेदारीमा हुने सार्वजनिक लगानीको वित्तीय सामर्थ्यता मुल्याङ्कन (Fiscal Affordability assessment), मुद्राको मूल्य विश्लेषण (Value for Money Assessment) तथा जोखिम बाँडफाट म्याट्रिक्स (Risk Allocation Matrix) लगायतका विद्यमान नीतिगत तथा कानुनी प्रबन्धहरूको विज्ञ समुहबाट पुनरावलोकन गर्न कार्यशर्त तयारी गर्ने

१.२. २०८१/८२ दोस्रो त्रैमासिकः उल्लिखित अध्ययनका लागि परामर्श सेवा प्राप्त गर्ने (वा प्राविधिक समितिबाट अध्ययन गर्ने)

१.३. २०८१/८२ चौथो त्रैमासिकः उल्लिखित सम्बन्धमा गर्नुपर्ने सुधारका विषयहरू र तिनको सम्बोधनको लागि आवश्यक पर्ने नीतिगत, कानुनी र कार्यगत उपायहरू सहितको प्रतिवेदन प्राप्त गर्ने

१.४. २०८२/८३ प्रथम त्रैमासिकः प्रतिवेदनको सुझाव समेतका आधारमा आवश्यक नितीगत सुधारका लागि आवश्यक समन्वय गर्ने।

१.५. २०८२/८३ चौथो त्रैमासिकः सुझाव समेतका आधारमा सार्वजनिक लगानीको वित्तीय सामर्थ्यता मुल्याङ्कन (Fiscal Affordability assessment), मुद्राको मूल्य विश्लेषण (Value for Money Assessment) तथा जोखिम बाँडफाट म्याट्रिक्स (Risk Allocation Matrix) का लागि आवश्यक पर्ने निर्देशिका तयार गर्ने।

१.६. २०८३/८४ onward: सार्वजनिक नीजि साझेदारीमा सञ्चालन गर्न प्रस्ताव गरिएका आयोजनाहरूको निर्देशिका बमोजिम मुल्याङ्कन गर्ने।

**आवश्यक पर्ने स्रोतः**

अध्ययन, निर्देशिका तयारी र सो अनुरुप परियोजना मुल्याङ्कनका लागि वित्तिय स्रोत आवश्यक हुने।

| **कार्य २:** | **जिम्मेवार निकायः** |
|---|---|
| राष्ट्रिय परियोजना बैकमा आवद्ध गर्ने प्रयोजनका लागि चालु तथा भावी योजनामा रहेका सार्वजनिक निजी | लगानी बोर्डको कार्यालय<br>**मुख्य जिम्मेवार अधिकृतः** |

| | |
|---|---|
| साझेदारी परियोजनाहरू सम्बद्ध लगानीको स्रोत तथा क्षेत्रगत सुचना सहितको तथ्यांकिय आधार निर्माण गर्ने | प्रमुख कार्यकारी अधिकृत |

**क्रियाकलाप र समयसीमाः**

२०८१/८२ > २०८२/८३ > २०८३/८४ > २०८४/८५ > २०८५/८६

२.१. २०८१/८२ onward: सार्वजनिक नीजि साझेदारीमा निर्माण तथा सञ्चालन गरिने आयोजनाहरूको विवरण नियमित रुपमा राष्ट्रिय परियोजना बैङ्कमा अध्यावधिक गर्ने ।

**आवश्यक पर्ने स्रोतः**

थप स्रोत आवश्यक नपर्ने ।

| | |
|---|---|
| **कार्य ३:**<br>सार्वजनिक निजी साझेदारीबाट सिर्जना हुनसक्ने वित्तीय जोखिमको आँकलन गर्न, जोखिम न्यूनीकरणका उपायहरू सिफारिस गर्न अर्थ मन्त्रालयमा सार्वजनिक निजी साझेदारी परियोजनामा हुने वित्त प्रवाहको अभिलेखीकरण, मुल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी प्रणाली स्थापना गर्ने । (Fiscal Gatekeeper Function) | **जिम्मेवार निकायः**<br>अर्थ मन्त्रालय<br>**मुख्य जिम्मेवार अधिकारीः**<br>सहसचिव, आर्थिक नीति विश्लेषण महाशाखा |

**क्रियाकलाप र समयसीमाः**

२०८१/८२ > २०८२/८३ > २०८३/८४ > २०८४/८५ > २०८५/८६

३.१. २०८१/८२ प्रथम त्रैमासिकः सार्वजनिक निजी साझेदारीमा परियोजना सञ्चालन गर्नुपूर्व त्यसता परियोजनाले मध्यम तथा दीर्घकालमा सार्वजनिक वित्तमा पार्न सक्ने वित्तीय जोखिमको लेखाजोखा गर्नेगरी मन्त्रालयको आर्थिक नीति विश्लेषण महाशाखा र सो अन्तर्गतको उपयुक्त शाखाको कार्यविवरण संशोधन गर्ने ।

३.२. २०८१/८२ चौथो त्रैमासिकः सार्वजनिक निजी साझेदारीमा हुने लगानीले मध्यम तथा दीर्घकालमा सार्वजनिक वित्तमा पार्न सक्ने असरको लेखाजोखा गर्नका लागि अवलम्बन गर्ने मापदण्ड तयार गर्ने ।

३.३. २०८२/८३ प्रथम त्रैमासिकः सार्वजनिक निजी साझेदारीमा निर्माण तथा सञ्चालनमा रहेका परियोजना र प्रस्तावित परियोजनाले सार्वजनिक वित्तमा पार्न सक्ने असरको लेखाजोखा गरी प्रतिवेदन तयार गर्ने ।

३.४. २०८२/८३ प्रथम त्रैमासिक पश्चातः सार्वजनिक वित्तमा पार्न सक्ने असरको लेखाजोखाबाट उपयक्त देखिएका परियोजनाहरू मात्र सार्वजनिक निजी साझेदारीमा निर्माण तथा सञ्चालन गर्न अनुमति दिने ।

**आवश्यक पर्ने स्रोतः**

सार्वजनिक वित्तमा पार्न सक्ने असरको लेखाजोखा गर्नका लागि अवलम्बन गर्ने मापदण्ड तयार गर्नका लागि वित्तीय स्रोत आवश्यक पर्ने,

परियोजनाहरूको सार्वजनिक वित्तमा पार्न सक्ने असरको लेखाजोखा गर्न वित्तीय स्रोत आवश्यक हुने

<table>
<tr><td>कार्य ४:<br>सार्वजनिक संस्थानको भूमिका सुधारका लागि नीतिगत प्रबन्ध गर्ने ।</td><td>जिम्मेवार निकायः<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>मुख्य जिम्मेवार अधिकृतः<br>सचिव, कानुन तथा फैसला कार्यान्वयन</td></tr>
<tr><td colspan="2">क्रियाकलाप र समयसीमाः<br>२०८१/८२ → २०८२/८३ → २०८३/८४ → २०८४/८५ → २०८५/८६<br>४.१. २०८१/८२ प्रथम त्रैमासिकः नियामक र वस्तु तथा सेवा प्रवाहको दोहोरो भुमिकामा रहेका सार्वजनिक सस्थानहरूको सूचि तयार गर्ने ।<br>४.२. २०८१/८२ दोस्रो त्रैमासिकः नियामक र वस्तु तथा सेवा प्रवाहको दोहोरो भुमिकामा रहेका सार्वजनिक संस्थानहरूको नियमनकारी भूमिका र सेवा प्रदायकको भुमिका अलग हुने गरी पुनर्गठन गर्नका लागि सुझाव दिन लागि एक उच्चस्तरीय समिति गठन गर्ने । सस्थानको भुमिका तथा विशिष्टिकृत कार्य क्षेत्रको विस्तृत अध्ययन गर्नका लागि आवश्यकता अनुरुप उपसमितिहरू गठन गर्ने ।<br>४.३. २०८२/८३ चौथो त्रैमासिकः उल्लिखित समितिहरूबाट पुनर्गठनको कार्ययोजना सहितको प्रतिवेदन प्राप्त गर्ने ।<br>४.४. २०८३/८४ चौथो त्रैमासिकः कम्तिमा दुईवटा सार्वजनिक संस्थानहरूको नियमक र वस्तु तथा सेवा प्रदायक भुमिका छुट्टिने गरी पुनर्गठन गर्न आवश्यक पुर्वतयारीको कार्य सम्पन्न गर्ने ।<br>४.५. २०८४/८५ चौथो त्रैमासिकः कम्तिमा दुईवटा सार्वजनिक संस्थानहरूको नियमक र वस्तु तथा सेवा प्रदायक छुट्टिने गरी पुनर्गठन गर्ने ।<br>४.६. २०८५/८६ चौथो त्रैमासिकः थप दुईवटा सार्वजनिक संस्थानहरूको नियमक र वस्तु तथा सेवा प्रदायक भुमिका छुट्टिने गरी पुनर्गठन गर्ने । आवश्यकता अनुसार अन्य सार्वजनिक संस्थानहरूको नियमक र वस्तु तथा सेवा प्रदायक छुट्टिने गरी पुनर्गठन गर्ने ।</td></tr>
<tr><td colspan="2">आवश्यक पर्ने स्रोतः<br>पुनर्गठनको तयारी एवम् पुनर्गठनका लागि आवश्यक वित्तीय स्रोत वार्षिक बजेट मार्फत विनियोजन गर्ने ।</td></tr>
</table>

**लक्ष्य ७ - परियोजना व्यवस्थापन सुदृढीकरण गर्न आवश्यक प्रबन्ध गर्ने ।**

**लक्ष्यको आवश्यकताः**

परियोजना व्यवस्थापनमा देखिएका कमिकमजोरीहरूको सम्बोधन गरी परियोजनालाई तोकिएको समय र लागतमा सम्पन्न गर्न ।

**मुख्य उपलब्धिः**

परियोजानाहरू समयमा सम्पन्न हुने तथा परियोजनाको लागत प्रभावकारिता अभिवृद्धि भई उच्चतम प्रतिफल प्राप्त हुने ।

| | |
|---|---|
| **कार्य १:**<br>परियोजना व्यवस्थापनमा सुधार गर्ने । | **जिम्मेवार निकायः**<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>अर्थ मन्त्रालय, नेपाल सरकार<br>राष्ट्रिय योजना आयोग<br>**मुख्य जिम्मेवार अधिकृतः**<br>सचिव, पूर्वाधार विकास (प्र.म.तथा म.प.का.)<br>सहसचिव, बजेट तथा कार्यक्रम महाशाखा (अर्थ मन्त्रालय)<br>सचिव, आर्थिक व्यवस्थापन महाशाखा (रा.यो.आ.) |

**क्रियाकलाप र समयसीमाः**

२०८१/८२ → २०८२/८३ → २०८३/८४ → २०८४/८५ → २०८५/८६

१.१. २०८१/८२ पहिलो त्रैमासिकः ठूला परियोजनाहरूमा परियोजना प्रमुख तथा परियोजना व्यवस्थापनमा संलग्न हुने अधिकरीहरूको नियुक्ति र स्थायित्वका लागि आवश्यक नीतिगत प्रवन्ध गर्ने ।

१.२. २०८१/८२ दोस्रो त्रैमासिकः राष्ट्रिय योजना आयोगबाट परियोजनामा गरिने समायोजनहरूको प्रतिवेदन गर्न निर्देशिका जारी गर्ने ।

१.३. २०८२/८३ प्रथम त्रैमासिकः अर्थ मन्त्रालय, बिषयगत मन्त्रालय र राष्ट्रिय योजना आयोगको संयुक्त कार्यदलले सार्वजनिक लगानीमा सञ्चालनमा रहेका सबै परियोजनाहरूको आवश्यकता र औचित्यका आधारमा पुनः प्राथमिकीकरण गर्ने ।

**आवश्यक पर्ने स्रोतः**

थप स्रोत आवश्यक नपर्ने ।

| | |
|---|---|
| **कार्य २:**<br>चालु र नयाँ परियोजनाहरूको कार्यान्वयन कार्ययोजना नियमित रूपमा अद्यावधिक गर्ने तथा आयोजनाहरूको नियमित अनुगमन गर्ने । | **जिम्मेवार निकायः**<br>राष्ट्रिय योजना आयोग<br>बिषय क्षेत्रगत मन्त्रालयहरू (सम्बन्धित)<br>**मुख्य जिम्मेवार अधिकृतः**<br>सहसचिव, अनुगमन महाशाखा |

**क्रियाकलाप र समयसीमाः**

२०८१/८२ → २०८२/८३ → २०८३/८४ → २०८४/८५ → २०८५/८६

२.१. २०८१/८२ प्रथम त्रैमासिक र निरन्तरः रू १ अर्व वा सो भन्दा बढी बजेट विनियोजन भएका ठुला आयोजना कार्यान्वयन सम्बन्धमा राष्ट्रिय योजना आयोगको नेतृत्वमा सरोकारवाला निकायका प्रतिनिधि संलग्न संयुक्त अनुगमन समितिबाट नतिजामुलक अनुगमन गर्ने।

२.२. २०८१/८२ प्रथम त्रैमासिकः मन्त्रालय अन्तर्गत सञ्चालनमा भएका परियोजनाहरूको कार्यन्वयन कार्ययोजनाको विवरण प्राप्त गर्ने ।

| | |
|---|---|
| २.३. | २०८१/८२ दोस्रो त्रैमासिक पश्चात निरन्तरः मन्त्रालय अन्तर्गतका परियोजनाहरूको कार्यन्वयन कार्ययोजना अनुरुपको कार्यप्रगतिको नियमित अनुगमन गर्ने र सोको प्रतिवेदन मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिमा नियमित रूपमा गर्ने। |
| **आवश्यक पर्ने स्रोतः**<br>थप स्रोत आवश्यक नपर्ने। | |

## (ङ) कार्ययोजना कार्यान्वयन सम्बन्धी अनुमान र मान्यताः

तीन तहका सरकारको अलावा सार्वजनिक संस्थानहरूबाट हुने लगानी, साथै सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजनाको लगानीको प्रभावकारीता अभिवृद्धि गर्ने उद्देश्यका साथ प्रस्तुत कार्ययोजना तयार गरिएको हुँदा यसको कार्यान्वयनमा सरोकारवाला सबै निकाय र अधिकारीको पूर्ण स्वामित्व सहित कार्यान्वयनमा प्रतिवद्धता र सक्रियता रहने विश्वास लिईएको छ।

प्रस्तुत कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोत साधनको व्यवस्थापन नेपाल सरकारको वार्षिक बजेट मार्फत विनियोजन गर्ने गरी प्रस्ताव गरिएको हुँदा यसका लागि आवश्यक स्रोत सम्बन्धित निकायको वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत विनियोजन हुने मान्यता राखिएको छ; यद्यपी विकास साझेदारबाट यस सम्बन्धी कार्यमा प्राविधिक सहयोगका अलावा वित्तीय सहयोग समेत उपलब्ध हुने अपेक्षा गरिएको छ।

प्रस्तुत कार्ययोजना कार्यान्वयन गर्दै जाने क्रममा कुनै क्रियाकलाप थप गर्नुपर्ने अवस्था आईपरेमा त्यसलाई समायोजन गर्दै लैजान सकिनेछ। तर त्यसरी क्रियाकलाप थप गरेकै कारणले कार्ययोजनाको मूल समय तालिकामा तात्विक असर प्रभाव पारिने छैन।

कार्ययोजना कार्यान्वयन गर्ने क्रममा एक भन्दा बढी क्रियाकलापहरू एकै समयमा कार्यान्वयन गर्दा विनियोजित स्रोतको उपयोगमा मितव्ययिता कायम हुन सक्ने, साथै समयको समेत बचत हुने अवस्थामा सोलाई प्रोत्साहन गरिने छ। तर सोही कारणले मात्र कुनै पनि क्रियाकलापलाई निर्धारित समय तालिका भन्दा पछाडि गर्ने गरी समय विलम्ब गरिने छैन।

कार्ययोजना कार्यान्वयन गर्ने क्रममा हाल जिम्मेवार निकाय वा अधिकृतको रुपमा पहिचान गरिएका संस्था र पदाधिकारीको अलावा अन्य निकाय र पदाधिकारीको पनि सहयोग आवश्यक पर्न सक्नेछ। त्यस्तो अवस्थामा सम्बन्धित सबै निकाय र पदाधिकारीबाट कार्ययोजना कार्यान्वयनमा पूर्ण सहयोग प्राप्त हुने मान्यता राखिएको छ।

***